## यस भित्र




*नेवा मानव अधिकार प्रवर्द्धनकै बाटोमा : प्रा. कपिल श्रेष्ठ: पृष्ठ ३*



*नेवाको सामाजिक लेखा परीक्षण तथा ३२औं वार्षिक साधारणसभा : पृष्ठ ४*



*विभिन्न जिल्लामा खासस्व आयोजना सञ्चालनका लागि सम्झौता : पृष्ठ ९*



*सुखको घाम उदाएको ठाउँ, डाँडापारीको डाँडागाउँ : पृष्ठ ११*


# पानी र सरसफाइ


NEWAH
Nepal Water for Health

नेपाल स्वास्थ्यका लागि पानी (नेवा) को अर्धवार्षिक बुलेटिन

वर्ष २३ | अंक १ | माघ २०८१


## दातृ संस्थाद्वारा खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजनाहरूको अनुगमन

च्यारिटी वाटर, अमेरिका र नेवाका प्रतिनिधिहरू सम्मिलित अनुगमन टोलीले बागलुङ र म्याग्दी जिल्लामा सम्पन्न भएका खानेपानी आयोजनाहरूको अनुगमन गरेको छ । नेवाको प्राविधिक तथा व्यवस्थापकीय सहयोग तथा पालिका र समुदायको साझेदारीमा निर्मित खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजनाहरूको अनुगमन २०८१ कार्तिक २९ देखि मंसिर २ सम्म गरिएको हो ।

अनुगमन टोलीमा च्यारिटी वाटर अमेरिकाबाट कार्यक्रम प्रबन्धक सिएरा टोबिन र नेवा प्रधान कार्यालयबाट पिएमआर प्रबन्धक डा. महेश्वर प्रसाद यादवको संलग्नता रहेको थियो । नेवा प्रदेश कार्यालय बागलुङबाट प्रदेश प्रमुख रमेश दाहाल, पिएमआर अधिकृत विनोद कोइराला लगायतको सहभगिता रहेको थियो ।

स्थलगत भ्रमण गर्नु पूर्व टोलीले प्रदेश व्यवस्थापन समूहसँग बैठक गरेको थियो । बैठकमा प्रदेश प्रमुख रमेश दाहालले टोली समक्ष च्यारिटी वाटरको सहयोगमा नेवाले वागलुङ तथा म्याग्दी जिल्लामा हालसम्म सम्पन्न भएका खानेपानी आयोजनाहरूको विवरण तथा गण्डकी र लुम्बिनी प्रदेशको खानेपानी तथा सरसफाइको अवस्थाबारे प्रस्तुत गर्नुभएको थियो ।




*संयुक्त अनुगमन टोली बिम खानेपानी तथा सरसफाइ आयोजनाका संरचनाहरूको निरीक्षण गर्दै*




*च्यारिटी वाटर र नेवाको संयुक्त अनुगमन टोली समक्ष आयोजनाहरूको प्रगति विवरण प्रस्तुत गर्दै नेवा, प्रदेश कार्यालय, बागलुङका प्रमुख रमेश दाहाल*

अनुगमनका क्रममा टोलीले खानेपानी तथा सरसफाइ आयोजनाहरूको अनुगमन गर्नुका साथै गाउँपालिका र उपभोक्ता समितिका पदाधिकारीहरूसँग छलफल गरेको थियो । यस क्रममा अनुगमन टोलीले म्याग्दी जिल्लाको मालिका गाउँपालिका वडा नम्बर ७ स्थित बिम खानेपानी तथा सरसफाइ आयोजनामा निर्मित खानेपानीका संरचनाहरूको अनुगमन गर्नुका साथै घर घरमा निर्मित धारा, चाङ, जुठ्यान र विद्यालयमा निर्मित धाराको अवलोकन गरेको थियो । त्यसैगरी, टोलीले मालिका गाउँपालिकाका अध्यक्ष बेग प्रसाद गर्बुजा, श्री किसानी माध्यामिक विद्यालय बिमका प्रधानाध्यापक जंग बहादुर गर्बुजा लगायत विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू र उपभोक्ता समितिका पदाधिकारीहरूसंग आयोजना निर्माणको क्रममा आइपरेका समस्याहरू, जन श्रमदान, आयोजनाको दिगोपना जस्ता विषयमा छलफल गरेको थियो । टोलीले बागलुङ जिल्लाको बागलुङ नगरपालिका वडा नम्बर ६ स्थित लम्गाँउ लिफ्ट खानेपानी तथा सरसफाइ आयोजनाको अनुगमन समेत गरेको थियो । यस क्रममा उपभोक्ता समितिका पदाधिकारीहरूसँग खानेपानी आयोजना दिगो राख्न गरिएका पहलहरू, मर्मत सम्भार कार्यकर्ताको (बाँकी पुष्ठ २ मा)

## सम्पादन मण्डल

डा. महेश्वर प्रसाद यादव, संयोजक
(पिएमआर प्रबन्धक)

अरुण कुमार श्रेष्ठ, सदस्य
(वास प्रबन्धक)

रोजिना मानन्धर, सदस्य सचिव
(फण्डरेजिङ संयोजक)

भरत प्रसाद भट्ट, सदस्य
(नेवा प्रदेश कार्यालय, सिन्धुली)

रमेश दाहाल, सदस्य
(नेवा प्रदेश कार्यालय, बागलुङ)

भरत अधिकारी, सदस्य
(विज्ञ सम्पादक)

## सल्लाहकार

ई. रेशम जंग सिंह
(निर्देशक, नेवा)

कुमार प्रसाद सिलवाल
(वरिष्ठ प्रबन्धक - फिल्ड अप्रेसन)

दिनेश उप्रेती
(प्रशासन तथा मानव संसाधन प्रबन्धक)

सजल श्रेष्ठ
(वित्त प्रबन्धक)



**नेपाल स्वास्थ्यको लागि पानी (नेवा)**
लोहसाल, काठमाडौं, नेपाल
पोष्ट बक्स नं. : ४२३१
फोन नं. : ०१-४०१५७०७, ४०१५६०८
टोल फ्री नं. : १६६० ०१ २३४५०
इमेल : newah@newah.org.np
वेबसाइट : www.newah.org.np


### सम्पादकीय : सन्दर्भ विश्व पानी दिवस

# मानव अस्तित्व रक्षाका लागि हिमनदी संरक्षण

*प्रत्येक वर्ष मार्च २२ का दिन मनाइने विश्व पानी दिवसले पानीको महत्व र यसको संरक्षणप्रति हाम्रो दायित्व सम्झाउने गर्छ। विश्व पानी दिवसको यस वर्षको मुख्य नारा 'हिमनदी संरक्षण' रहेको छ। खासगरी नेपाल जस्तो देशमा पानीको दिगो र भरपर्दो स्रोतको रूपमा हिमनदीहरू अपरिहार्य छन्। हिमनदीबाटै उत्पन्न नदीहरूले नेपाल, भारत, बङ्गलादेश जस्ता देशमा जीवन संभव भएको छ। हिमनदीले नदीहरूमा निरन्तर प्रवाह ल्याई खानेपानी, सिँचाइ र जलविद्युत उत्पादन जस्ता मानिसका अपरिहार्य आवश्यकताहरू पूरा गरेका छन्।*

*तर, विश्वव्यापी रूपमा देखिएको तापक्रम वृद्धिसँगै हिमनदीहरू तीव्र रूपमा संकुचित भइरहेका छन्। हिमतालहरू फुट्ने प्रवृत्ति बढ्नाले अकल्पनीय क्षतिहरू निम्तिन थालेका छन्। जलवायु परिवर्तनको प्रभावले गर्दा जलचक्र अव्यवस्थित भइरहेको छ, जसले लाखौं मानिसको पानी पहुँचमा संकट निम्त्याउनेछ। यदि तत्काल नीति सुधार, प्रभावकारी व्यवस्थापन र सामुहिक प्रतिबद्धता नअपनाउने हो भने आगामी पुस्ताले असमान्य जलसंकट भोग्नुपर्नेछ।*

*नेपालजस्ता पहाडी मुलुकहरूमा पानीको स्रोतका रूपमा हिमताल र हिमनदीहरू झनै महत्वपूर्ण छन्। तिनको प्रभावकारी संरक्षणले मात्र दीर्घकालीन जल सुरक्षालाई प्रत्याभूति दिन सक्छ। यसका लागि पानीका स्रोतहरूको वैज्ञानिक व्यवस्थापन, सुरक्षित उपयोग, पुनर्भरण प्रवर्द्धन र तापक्रम वृद्धि न्युनीकरणका उपायहरू अवलम्बन गर्नुपर्छ। हिमनदीको संरक्षणका लागि नीति निर्माणदेखि स्थानीय तहको क्रियाशीलता बढाउनु अपरिहार्य छ।*

(पुष्ठ १ को बाँकी) व्यवस्था, खानेपानी गुणस्तर परीक्षण, भैपरि आउने समयमा आयोजना सुचारु राख्न चालिने कदमहरू तथा मर्मत सम्भार कोष रकम र जगेडा सामग्रीको व्यवस्थापन र परिचालनका बारेमा छलफल गरिएको थियो।

अनुगमन टोलीले बागलुङ जिल्ला जैमिनी नगरपालिका वडा नम्बर १० स्थित झुलेखोला नाम्दुक राङखानी खानेपानी तथा सरसफाइ आयोजनाको अनुगमन गरी पानी छान्ने ट्याङ्की, स्लो स्याण्ड फिल्टर, पानी जम्मा गर्ने ट्याङ्की र सामुदायिक धाराहरूको अवलोकन गरेको थियो। टोलीले स्लो स्याण्ड फिल्टरले काम नगरेको पाइएकाले त्यसको कारण, मर्मत सम्भारको योजना तथा मर्मत सम्भार र संचालनमा रहेका चुनौतीहरूबारे समितिका पदाधिकारीहरूसँग जिज्ञासा राखेको थियो। उपभोक्ता समितिका अध्यक्ष थमन बहादुर श्रीसले दुईपटकसम्म स्लो स्याण्ड फिल्टर मर्मत सम्भार गर्दा पनि केही समयमै पानी छान्न छोड्ने गरेको हुनाले समस्या भएको बताउनुभएको थियो।

यसैक्रममा अनुगमन टोलीले नेवा प्रदेश कार्यालय, बागलुङका योजना, अनुगमन तथा प्रतिवेदन शाखाका कर्मचारी धनविर सावतसँग "हेल्लो मनिटरिङ र टोल फ्रि कल मनिटरिङ" गर्दा उपभोक्ताका गुनासाहरू सम्बोधन गर्ने तौरतरिकाका बारे छलफल गरेको थियो। च्यारिटी वाटरका प्रतिनिधिले नेवाको उच्च व्यवस्थापन समूह तथा कार्यकारी समितिसँग कार्यक्रमको पुनरावलोकन एवं मूल्याङ्कन गर्नुका साथै बहुवर्षीय योजना, जिल्ला विस्तार योजना, भावी रणनीति र खानेपानी, सरसफाइ तथा स्वच्छताका क्षेत्रका समसामयिक मुद्दाहरूबारेमा छलफल गर्नु भएको थियो।

*विनोद कोइराला / डा. महेश्वर प्रसाद यादव*

# 'नेवा मानव अधिकार संरक्षणकै बाटोमा छ'

*नेवाको कार्यसमितिका पूर्व अध्यक्ष **प्राध्यापक कपिलमान श्रेष्ठ** दक्षिण अफ्रिकाको राजदूतमा नियुक्त हुनुभएको छ। नेपालको शिक्षा क्षेत्र र मानव अधिकार प्रवर्द्धनका क्षेत्रमा लामो समयदेखि संलग्न प्राध्यापक श्रेष्ठ विगत चार वर्षदेखि नेवाको कार्यसमति अध्यक्ष हुनुहुन्थ्यो। नेवासँग आबद्ध रहँदा प्राध्यापक श्रेष्ठले संस्थागत हितका लागि पुऱ्याउनु भएको योगदानप्रति नेवा सदैव उहाँप्रति आभारी छ र भविष्यमा पनि अभिभावकत्व पाइरहने अपेक्षा गर्दछ। राजदूत जस्तो गरिमामय पदभार सम्भाल्नका लागि दक्षिण अफ्रिका प्रस्थान गर्नु अघि प्राध्यापक श्रेष्ठको लागि गरिएको विदाई कार्यक्रमलाई संबोधन गर्दै उहाँले दिनुभएको मन्तव्यको सारसंक्षेप यहाँ प्रस्तुत गरिएको छ -*



नेवामा आबद्ध हुनु मेरो जीवनको महत्वपूर्ण क्षण थियो। म आवाज विहीनहरूका लागि आवाजको अर्थात् मानव अधिकारका लागि काम गर्दै आएको मान्छेले खानेपानीको चरम अभाव भोग्न बाध्य मानिसहरूका लागि घर आँगनमै सुरक्षित खानेपानी उपलब्ध गराइदिने नेवाको कामलाई पनि मानिसहरूको मानव अधिकारकै संरक्षणका लागि गरिएको कार्य हो भन्ने ठान्दछु। किनभने पानी र सरसफाइ त मानिसको नैसर्गिक अधिकार हो। पानी जीवन हो, पानीको उपलब्धताले नै मानिसको जीवनमा उन्नतिका ढोकाहरू खुल्छन्। स्वस्थ जीवनका लागि सरसफाइ त्यत्तिकै अपरिहार्य छ। यही भएर हाम्रो संविधानले पनि खानेपानी र सरसफाइलाई नागरिकको संवैधानिक अधिकारका रूपमा व्याख्या गरेको हो।

नेवाको सबैभन्दा सुदृढ पक्ष काममा लगनशीलता तथा पारदर्शिता र जवाफदेहिता हो। नेवाका प्रत्येक आयोजनाहरूमा सबैले देख्ने गरी आयोजनाको लागतको स्पष्ट विवरण राखिएको हुन्छ। यो सुशासनको आधारभूत र महत्वपूर्ण स्तम्भ पनि हो। नेवाको सुशासन पक्ष ज्यादै बलियो भएकाले यसका विरुद्धमा षडयन्त्र गर्नेहरू आफैं पछि हटे।

मैले नेवामा बिताएका दिनहरू ज्यादै नै सार्थक रहे। मैले यहाँ धेरै कुरा सिकें। ज्यादै थोरै गैर सरकारी संस्थाका कमैमात्र कर्मचारीहरूले एउटै संस्थामा जीवनका उर्वरशील समय बिताएको पाइन्छ। तर नेवा त्यसको अपवाद हो। यहाँ नेवाको स्थापनाकालदेखि थुप्रै कर्मचारीहरूले सेवा निवृत्त हुने उमेरसम्म काम गरेको पाइयो। उनीहरूको अनुभवले नेवाको अग्रगमनमा ज्यादै ठूलो योगदान पुगेको देखिएको छ। यसरी एउटै संस्थामा जीवनका महत्वपूर्ण समय बिताउन सक्नु भनेको एकातिर संस्थाप्रति कर्मचारीहरूको प्रतिबद्धताको उदाहरण हो भने अर्कातिर संस्था स्वयं पनि त कसैले आफ्नो उर्वरशील समय दिनका लागि लायक रहेछ भन्ने बुझाउँछ।

मैले नेवाका विभिन्न कार्यक्षेत्रहरूको अवलोकन गर्ने अवसर पाएको छु। मैले खानेपानी र सरसफाइको उपलब्धताले मानिसहरू सफा सुग्घर भएको पाएँ। पानीको उपलब्धताका कारणले समुदायमा धेरै परिवर्तन आएको देखें। नेवाको पहलले गर्दा पहिले पहिले त बिरामी, वृद्धावस्था, गर्भावस्थामा पनि धेरै लामो बाटोबाट पानी ओसार्न बाध्य मानिसहरूले त्यो नारकीय कष्टबाट मुक्ति पाएका छन्। घर घरमै पानी आएको छ। घरमा पानी भएपछि मानिसहरूले पानी भर्ने समयमा अरु काम गर्न पाएका छन्। कतिपयले कुखुरा पालेका छन् त कतिले तरकारी खेती गरेका छन्, गाउँमा उत्कृष्ट ढङ्गले सहकारी चलाएका छन्। खासगरी महिलाहरूको जीवनस्तरमा उल्लेखनीय परिवर्तन आएको छ। पहिले पहिले नौलो मान्छेसँग बोल्न डराउने महिलाहरू आज संस्थाको बैठकमा सहभागी भएर स्पष्टसँग आफ्ना धारणा राख्न सक्ने भएका छन्। यसरी विकासको एउटा लहरले अनेकौं लहरहरू उब्जाएको छ। यस अर्थमा नेवाले देश विकासका लागि पुऱ्याएको योगदान अत्यन्त उत्साहजनक छ।

तर यो रूपान्तरण पर्याप्त भने छैन। हामीले अझै धेरै गर्न बाँकी छ। नेपालका वहुसंख्यक समुदायहरू अझै सुरक्षित पानीको पर्खाईमा छन्। उनीहरूको माग सम्बोधन गर्न नेवा निरन्तर अघि बढिरहोस्। हार्दिक शुभकामना!

*सम्पादक*




विपिन हाडा

*प्राध्यापक श्रेष्ठको विदाई अवसरमा उहाँसँग नेवाका पदाधिकारीहरू र कर्मचारीहरू*

# नेवाको सामाजिक लेखा परीक्षण तथा ३२औँ वार्षिक साधारणसभा सम्पन्न

नेवाको ३२औँ वार्षिक साधारणसभा तथा सामाजिक लेखा परीक्षण काठमाडौंको धुम्बाराहीस्थित स्मार्ट दरबारमा यही असोज ११ गते शुक्रबारका दिन सम्पन्न भयो । नेवाका कार्यवाहक अध्यक्ष मञ्जुरी सिंहको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा समाज कल्याण परिषद्का सदस्य सचिव मनोज भट्ट प्रमुख अतिथिको रूपमा सहभागी हुनुभएको थियो । यसैगरी खानेपानी मन्त्रालय, नेपाल खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ, काठमाडौं महानगरपालिका वडा नं. ४ तथा बागलुङ जिल्लाको बडिगाड गाउँपालिका, म्याग्दीको मालिका गाउँपालिका, सिन्धुली जिल्लाको तीनपाटन र सुनकोशी गाउँपालिकाका प्रतिनिधिहरू यस कार्यक्रममा विशेष अतिथिका रूपमा रहनु भएको थियो । कार्यक्रममा वाटरएड, फिनल्यान्ड दूतावास, नार्मिन, मुआनलगायतका सरोकारवाला संस्थाका प्रतिनिधिहरू, खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका पदाधिकारीहरू, नेवाका साधारण सदस्य तथा कर्मचारीहरूको समेत सहभागिता रहेको थियो ।

कार्यक्रममा नेवाका निर्देशक इन्जिनियर रेशमजंग सिंहले आर्थिक वर्ष २०२३/२४ को संस्थाको प्रगति विवरण प्रस्तुत गर्दै आर्थिक वर्ष २०२४/२५ मा कार्यान्वयन गरिने खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजनाहरूबारे विस्तृत जानकारी गराउनु भएको थियो । यसै क्रममा सामाजिक लेखा परीक्षणका लागि स्वतन्त्र सामाजिक लेखा परीक्षक डा. किरण चालिसेले नेवाका विभिन्न आयोजनाहरूको स्थलगत भ्रमण, लक्षित समूह छलफल समूह (FGD) तथा प्रमुख सूचना स्रोतसँगको अन्तर्वार्ताका आधारमा तयार पारिएको प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो ।

### उत्कृष्ट कर्मचारीहरू सम्मानित

यस अवसरमा कार्य सम्पादनका आधारमा उत्कृष्ट ठहरिएका संस्थाका कर्मचारीहरूलाई सम्मान समेत गरिएको थियो । जस अनुसार नेवा




*कार्य सम्पादनमा उत्कृष्ट ठहरिएका कर्मचारीलाई सम्मानित गर्दै समाज कल्याण परिषदका सदस्य सचिव मनोज भट्ट तथा नेवाका अध्यक्ष मञ्जुरी सिंह*

केन्द्रीय कार्यालयका अञ्जु खड्का र महेश रसाइली, प्रदेश कार्यालय बागलुङका कुशल थापा तथा प्रदेश कार्यालय सिन्धुलीका भरत बिष्ट, बसुन्धरा घर्ती मगर र सरस्वती भुजेल सम्मानित हुनुभएको थियो ।

### नयाँ कार्यसमिति चयन

३२औँ वार्षिक साधारणसभाले २०२४ देखि २०२६ सम्मको अवधिका लागि नयाँ कार्यसमिति चयन गरेको छ । नेपालको खानेपानी तथा सरसफाइ क्षेत्र लगायत सामाजिक जनजीवनमा महत्वपूर्ण योगदान पुऱ्याउनु भएका व्यक्तिहरू रहनु भएको नवनिर्वाचित कार्यसमितिमा अध्यक्ष मञ्जुरी सिंह, उपाध्यक्ष मदनकृष्ण शर्मा, सदस्य सचिव रेखा तुलाचन, कोषाध्यक्ष विजय पन्त तथा सदस्यहरूमा रत्नकुमारी श्रेष्ठ, उमेश कुमार पाण्डे र अशोक स्वाँर चयन हुनु भएको छ ।

कार्यक्रमले नेवा मार्फत् नेपालको खानेपानी तथा सरसफाइ क्षेत्रको सुशासन र सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउने प्रतिबद्धता जनाएको थियो ।

*✍ रोजिना मानन्धर*




*वार्षिक साधारण सभामा संस्थाको प्रगति विवरण र आगामी कार्ययोजना प्रस्तुत गर्दै नेवाका निर्देशक इञ्जिनियर रेशम जङ्ग सिंह*




*नेवाको ३२औं साधारण सभाबाट चयन हुनुभएका कार्यसमितिका पदाधिकारी तथा सदस्य ज्यूहरू*

# चमेलीले नदेखेको सपना

"कुनै दिन आफ्नै आँगनमा पानी भर्न पाइन्छ भन्ने त सपनामा पनि सोचेको थिएन" चमेली वि.क. ले भन्नुभयो । सिन्धुली जिल्लाको सुनकोशी गाउँपालिका वडा नं. ३, देउराली गाउँकी वासिन्दा चमेली १६ वर्षको उमेरमा यस गाउँमा बुहारीका रूपमा भित्रिनु भएको हो । १२ वर्षदेखि एकल जीवन बिताइरहनु भएकी दुई छोरीकी आमा चमेलीको काँधमा घर व्यवहारको सम्पूर्ण जिम्मेवारी थोपरिएको छ ।

"छोरीहरू साना हुन्जेल मैले कहिल्यै सुखको सास फेर्न सकिनँ" विगत सम्झँदै चमेली भन्नुहुन्छ "गाउँको शिरानमा रहेको घर भएकाले पानी बोक्नै एक घण्टा लाग्थ्यो, सुक्खा मौसममा त्यहाँको पानी सुकेपछि झन् टाढाको खोला धाउनु पर्थ्यो । पछि जिल्ला खानेपानीले गाउँमा खानेपानी त ल्यायो, तर धारामा पुग्न २० मिनेट ओरालो झर्नु पर्थ्यो" उहाँले भन्नुभयो । बल्लतल्ल बनिएको खानेपानी प्रणालीले आफूलाई नसमेटेपछि उहाँलाई सधैं यसरी नै बित्ने रहेछ जस्तो लाग्थ्यो । "मेलापात नगई घरमा चुलो नबल्ने, पानी बोक्न नगए त तिर्खै नमर्ने, दुःखबाट पार पाउने उपाय थिएन" दुःखका दिन सम्झँदा अझै पनि उहाँका आँखा रसाउँछन् ।

तर आजको परिवेश अर्कै छ । आज चमेलीको आँगनमा पानीको धारा छ, छोरीहरू पनि ठूला हुँदैछन् । पानीले उहाँको ठूलो दुःख हटेको छ । आ.व. २०७९/८० मा नेवा र पालिकाको सहकार्यमा सुनकोशी किनारदेखि लिफ्ट गरेर ल्याइएको पानीले यस गाउँका ५८ वटै घरमा पानीको छेलोखेलो भएको छ ।

यो शिखर कटेरी देउराली खानेपानी तथा सरसफाइ आयोजना सम्पन्न गर्न गाउँलेहरूले धेरै मेहेनत गरेका थिए । पाइप लाइन खन्ने, दक्ष मिस्त्रीलाई सहयोग गर्ने, संरचना निर्माणका सामग्री ओसार्ने काममा सबैको सहभागिता रहेको चमेली बताउनु हुन्छ ।




*समुदायका मानिसहरू पाइप लाइन खन्ने काममा सरिक हुँदै*

घर आँगनमै पानी भएपछि पानी ओसार्न लाग्ने समयको बचत भएको छ । बालबालिकाले पढ्न पाएका छन् । मानिसहरूले खेर गएको र बढी भएको पानी उपयोग गरेर करेसाबारी लगाउन थालेका छन् । पानीको उपलब्धताले मानिसहरूमा सफा र स्वच्छ भएर बस्ने बानीको विकास भएको चमेलीले बताउनु भयो ।

यस खानेपानी आयोजनाको दिगोपनका लागि आयोजनामा मर्मत सम्भार कार्यकर्ता राखिएको छ । मानिसहरूले नियमित रूपले पानीको महशुल तिर्ने गरेका छन् । उपभोक्ता समितिका अध्यक्ष सुर्य कुमार गुभाजु मर्मत सम्भार कोषको रकमले जगेडा सामग्री पनि खरिद गरेको र आयोजनाको दिगोपनका लागि उपभोक्ता समिति सदैव सचेत रहेको बताउनु हुन्छ ।

*रचना बस्नेत*

# नेवा र सुस्वा बीच खासस्व कार्यक्रम सञ्चालनका लागि सम्झौता सम्पन्न

फिनल्याण्ड सरकार र नेपाल सरकारको खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको दीर्घकालीन सहकार्य रहेको द्विपक्षीय आयोजना "सबैका लागि दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता" (SUSWA) कार्यान्वयन भइरहेका पालिकाहरूमा समन्वय, सहजीकरण, क्षमता अभिवृद्धि र खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजना कार्यान्वयनका लागि प्राविधिक परामर्श प्रदान गर्न नेवा र SUSWA बीच एक सम्झौता सम्पन्न भएको छ । यही माघ ९ गते सम्पन्न उक्त सम्झौता अनुसार नेवाले कर्णाली प्रदेश अन्तर्गत डोल्पा जिल्लाको से-फोक्सुन्डो गाउँपालिका, रुकुम पश्चिम जिल्लाको त्रिवेणी गाउँपालिका र जाजरकोट जिल्लाको जुनीचाँदे गाउँपालिकामा खासस्व गतिविधिहरू कार्यान्वयनका लागि सम्बन्धित पालिकाहरूसँगको समन्वय तथा सहकार्यमा योजना निर्माण, प्राविधिक सहयोग एवं क्षमता विकासका क्रियाकलापहरू सञ्चालन गर्नेछ ।

*अरुण श्रेष्ठ*




*सम्झौतामा हस्ताक्षर पश्चात् सम्झौताका पक्षहरू*

# जलवायु परिवर्तन र नेपालः कारण, असर र अनुकुलनका उपायहरू

जलवायु परिवर्तन भन्नाले विश्वव्यापी रूपमा तापमान र मौसमको स्वरूपमा लामो अन्तरालमा आउने परिवर्तनलाई बुझाउँछ। जलवायु प्राकृतिक रूपमा नै परिवर्तनशील छ, तर हाल जलवायु परिवर्तन विश्वव्यापी तापमानमा वृद्धिका कारण भएको हो । यसका मुख्य कारक मानवीय गतिविधि हुन्, जसले वायुमण्डलको संरचनामा उल्लेखनीय परिवर्तन ल्याएको छ। पृथ्वीको वायुमण्डलमा पाइने कार्बनडाइअक्साइड, मिथेन जस्ता हरितगृह ग्यासहरूको प्रचुरताले गर्दा ताप वायुमण्डलबाट बाहिर निस्कनबाट रोक्दछ। यी ग्यासहरू प्राकृतिक रूपमा नै वायुमण्डलमा हुन्छन् र पृथ्वीको तापक्रमलाई स्थिर बनाई राख्दछन्। यद्यपि सवारी साधन, उद्योगधन्दा, निर्माण कार्य आदि क्रियाकलाप सञ्चालन गरेर पेट्रोल, डिजल जस्ता जीवाश्म इन्धनहरू जलाउने गर्नाले र खाद्यान्न उत्पादन, वन विनाश जस्ता क्रियाकलापले वातावरणमा अधिक मात्रामा हरितगृह ग्यास उत्सर्जित गर्दछ। यसले प्राकृतिक चक्रलाई नै परिवर्तन गरी पृथ्वीलाई अनावश्यक रूपमा तताई राखेको छ। पछिल्ला केही वर्षमा यस्ता मानवीय कारणले गर्दा कार्बन डाइअक्साइड, मिथेन, नाइट्रस अक्साइड, हाइड्रोफ्लोरो, परफ्लोरो ग्यासहरूको चाहिने भन्दा बढी उत्पादन तथा उत्सर्जन हुनाले यी ग्यासले पृथ्वीलाई बाक्लो कम्बल ओढाए जस्तो भएको छ। यसैले गर्दा पृथ्वी तातेको छ र यसै कारण जलवायु परिवर्तन विश्वव्यापी समस्याका रूपमा उत्पन्न भएको छ। यसरी हाम्रो आफ्नै गतिविधिले वातावरणमा असन्तुलन आएर दुःख हामीले नै भोग्नु परेको छ।

## जलवायु परिवर्तन र नेपाल

जलवायु परिवर्तनले समाज, अर्थव्यवस्था र पारिस्थितिक प्रणाली (Ecosystem) लाई असर गर्ने गर्दछ । यसले जटिल तथा खतरनाक मौसमी घटनाहरू, जैविक विविधतामा ह्रास, स्वास्थ्य जोखिम बढाउने, र यिनै कारणले गर्दा मानिसहरू विस्थापित हुनुपर्ने सम्मको स्थिति निम्त्याउन सक्दछ। जलवायु परिवर्तनका असरहरूबाट



*जलवायु परिवर्तनको परिवेशसँग अनुकुलनताको एउटा प्रयास : वर्षातको पानी सञ्चयका लागि पोखरी खन्ने काम*



*जलवायु परिवर्तनको एउटा असर : आगलागीका घटनाहरूमा वृद्धि (प्रतीकात्मक तस्विर)*

नेपाल अछुत रहन सकेको छैन, नेपाल विश्वमै जलवायु परिवर्तनका असरका हिसाबले चौथो जोखिम अवस्थामा रहेको छ। अनियन्त्रित तरिकाले प्राकृतिक अवस्थालाई ध्वस्त पारेर खनिज निकाल्ने, नदीनाला सुकाउने, दुर्गन्धित पार्ने, वन फँडानी गर्ने, वायुमण्डलमा धुवाँको मुस्लो हाल्नेजस्ता कार्यले नै यस्तो हुन गएको हो। केही वर्ष अघिसम्म मानवबस्तीले भरिएको मुस्ताङको लोघेकर दामोदरकुण्ड गाउँपालिका-५ को 'ध्ये गाउँ' यतिबेला रित्तिएको छ । जलवायु परिवर्तनका कारण गाउँमा पानीका मुहान सुक्दै गएपछि मानिसहरू बस्ती छाड्न बाध्य भए । पानी खोज्दै हिँड्नेको क्रम बढेपछि कालान्तरमा आफ्नै थातथलो बिरानो भयो। उनीहरूले गाउँ छाडेपछि बस्ती मात्रै रित्तिएन स्थानीय परम्परा, संस्कृति र इतिहास पनि मेटिँदै गयो। मानिस बस्न छाडेपछि पुराना घरहरू भत्किदै गएका छन्। बस्ती खण्डहर र उराठलाग्दो देखिन्छ। यसैगरी गएको वर्षा याममा सोलुखुम्बु जिल्लाको खुम्बु पासाङल्हमु गाउँपालिकाको थामे खोलाको शिरमा रहेको हिमताल फुट्दा थामेमा बाढी आएर सिंगो बस्ती नै बाढीले बगाएको घटना पनि जलवायु परिवर्तनको असरको ताजा उदारहण हो । त्यस्तै, हामीले सुन्दै गरेका छोटो तर अतिवृष्टि भयो रे, पुषमै लालीगुराँस फूल्यो रे, मुहानमा पानी घट्यो रे, मुस्ताङमा धान फल्न थाल्यो रे भन्ने जस्ता कुराहरू पनि जलवायु परिवर्तनका असरकै प्रतिफलहरू हुन् । जलवायु परिवर्तनका कारण नेपालीहरूले निम्न बमोजिमका असरहरू भोग्नु परिरहेको छ :

- तापक्रम वृद्धि सरदर : ०.०६, हिमालः ०.०८, तराईः ०.०४ डिग्री सेल्सियस
- वर्षाको स्वरूपमा अनियमिता : अतिवृष्टि, अनावृष्टि, खण्डवृष्टि बढेर बाढी पहिरोको प्रकोप, मुहानमा पानी घट्ने र सुक्ने, डढेलो, सुक्खा जस्ता मौसमी प्रतिकुलताका घटनाहरूमा प्रवृत्तिमा वृद्धि

- हिमाली र उच्च पहाडी क्षेत्रमा हिमपातमा कमी
- स्थानीय प्रजातिका बोट बिरुवाहरू बाह्य प्रजातिद्वारा विस्थापित हुँदै जानु
- वनस्पति तथा जीवजन्तुहरूको स्थानान्तरणमा वृद्धि
- सिमसार क्षेत्रहरू सुक्ने, पुरिने तथा आकार घट्ने क्रम बढ्दो
- आकाशे पानीका भरमा गरिने कृषि उपज घट्नु

जलवायु परिवर्तनलाई हामी पूर्ण रूपले रोक्न सक्दैनौं, तर यसका असर कम हुने खालका क्रियाकलापहरूको माध्यमबाट जलवायु परिवर्तन संगै आफूलाई अनुकुलित गर्न सक्छौं, जुन अबको निर्विकल्प उपाय हो।

### अनुकुलन

जलवायु परिवर्तनले ल्याएको प्रतिकुल परिवेशमा आफ्नो र समुदायको जीवनयापन सहज र सुलभ बनाउन त्यही अनुसार गरिने विभिन्न क्रियाकलापहरूलाई अनुकुलन भनिन्छ। यस अन्तर्गत समुदायलाई जलवायु परिवर्तन उत्थानशील बनाउँदै लैजानु पर्छ। जलवायु परिवर्तनका बढ्दा असरहरूलाई हामीले रोकथाम गर्न नसके पनि भिरालो जमिन सुधार, घर बगैंचा व्यवस्थापन, माटो पानीको समुचित व्यवस्थापन, करेसाबारीका लागि खेर गएको पानीको उपयोग, सुक्खा सहन सक्ने बाली लगाउने कार्य, माटो तथा जलस्रोत संरक्षण, जैविक विविधताको संरक्षण, पानीको मुहान संरक्षण, पहिरोको जैविक नियन्त्रण, वर्षाको पानीलाई संचय गर्न वन क्षेत्र र खालि ठाउँमा कुलेंसो र डोबिल्का खन्ने जस्ता क्रियाकलापहरू गरेर हामी जलवायु परिवर्तन अनुकुलित हुन सक्छौं।

### न्यूनीकरण

हरितगृह ग्यास उत्सर्जनका स्रोतहरूमा कमी ल्याउने वा वायुमण्डलमा रहेका हरितगृह ग्यासको मात्रा वा अनुपातमा कमी ल्याउने प्रक्रियालाई न्यूनीकरण भनिन्छ। जलवायु परिवर्तनका असरहरू तथा क्रियाकलापहरू रोकथाम गर्न सकिँदैन, तर बढ्दै गएको जोखिमलाई विभिन्न किसिमका क्रियाकलापहरू गरेर न्यूनीकरण गर्न चाहिँ सकिन्छ।

### न्यूनीकरणका प्रकारहरू

१. **कार्बन शोषण**

यो वायुमण्डलमा भएका हरितगृह ग्यासको मात्रालाई सोस्ने प्रक्रिया हो। यसभित्र वृक्षरोपण तथा संरक्षण, वन विनाश रोक्ने, वनको अवस्था बिग्रन नदिने, वन व्यवस्थापन गर्ने, वन क्षेत्र विस्तार, माटो तथा जलाधार क्षेत्र संरक्षण जस्ता कार्यहरू पर्दछन्।

२. **कार्बन संरक्षण र सदुपयोग**

यो संचित भएको कार्बनलाई पुनः वायुमण्डलमा जान नदिने प्रक्रिया हो। यस अन्तर्गत वनको संरक्षण गर्ने, काष्ठ समग्रीहरूको दिगो उपयोग, फोहोर व्यवस्थापन आदि क्रियाकलाप पर्दछन्।

३. **कार्बनका विकल्पहरू**

यस अन्तर्गत कार्बन उत्सर्जन नगर्ने पद्धति अपनाउने जसले कार्बन उत्सर्जनलाई प्रतिस्थापन गर्ने विकल्पहरू पर्दछन्। जैविक इन्धनको न्यून प्रयोग, नवीकरणीय उर्जाको बढी प्रयोग, सुधारिएको चुलोको प्रयोग आदि यसका उदाहरण हुन्।

*लोकेश चन्द*

## गीत

### चाङ जुठयानको महत्व

*चाङ जुठयान बनाउन नभुलौं है कसैले*
*यसको महत्व बुझिराखौं हामी सबैले*
*भाँडा धोई चाङमा राख्दा फोहोर लाग्दैन*
*कुखुरा कुकुर सुँगुरले छुन सक्दैन*
*सक्छौ भने साथ देऊ नतान है खुट्टा*
*कति राम्रो हुन्थ्यो होला चाङमा भरे बुट्टा*
*भाँडा माझ्ने जुठयानमा सुकाउने चांङमा*
*टुटी बाल्टिन संगै राखौ अनि साबुन साथमा*
*सरसफाइको अभियान चल्यो गाउँबस्तीमा हाई हाई छ*
*चाङ जुठ्यान नबाउने गाउँका सबैलाई बाई बाई छ*

*केशवराज पौडेल*

## कविता

### सरसफाइ

*सरसफाइ गरी स्वच्छ बनौं हामीले*
*सरसफाइ गरौं आफूदेखि समुदाय सबैले*
*फोहोर देखे घृणा गर्छन् सबैले*
*आजैदेखि सरसफाइ गर्न जुटौं हामी सबैले*
*नसोच कसैले पानी बिना बाँच्न सकिन्छ भनेर*
*सरसफाइ जस्तो ठूलो काम केही हुँदैन*
*पानी बिना बाँच्न जस्तो गाह्रो केही हुँदैन*
*स्वच्छ नरहे जित्छ हामी सबैलाई रोगले*
*सरसफाइमा जुट्नु पर्छ, समुदाय राष्ट्र सबैले।*

*बसुन्धारा घर्ती मगर*

# लैंगिक हिंसा विरुद्धको १६ दिन: अधिकार र समानताको गुञ्जन

२५ नोभेम्बर देखि १० डिसेम्बर सम्मलाई "लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान" को रूपमा विश्वव्यापी रूपमा मनाउने गरिएको छ। कसैले पनि, कुनै पनि स्थानमा, कहिल्यै पनि हिंसा र दुर्व्यवहार भोग्नु नपरोस् भन्ने उद्देश्यका साथ हिंसा र दुर्व्यवहार विरूद्ध सचेतना फैलाउनका लागि यो अभियान सञ्चालन गर्ने गरिन्छ। यस अभियानको सुरुवात ल्याटिन अमेरिकाका महिला अधिकारवादी कार्यकर्ताहरूले गरेका हुन्। उनीहरूले २५ नोभेम्बरलाई तीन बहिनीहरू - पेटरिया, मिनर्वा, र मेरिया टेरेसाको सम्झनामा मनाउने गरेका थिए। सन् १९६० मा डोमिनिकन गणतन्त्रका तानाशाह रफेल ट्रुजिलोले यी तीन बहिनीहरूलाई महिला हिंसाको अन्त्यको लागि संघर्ष गरेको आरोपमा मृत्युदण्ड दिएका थिए। यी बहिनीहरूको बलिदानलाई सम्मान गर्दै विश्वभरका महिलाहरूले लैंगिक हिंसा, घरेलु हिंसा, बलात्कार, शारीरिक तथा मानसिक यातना, महिला कैदीहरूको शोषण, र महिला अधिकारवादीहरूमाथि भेदभाव जस्ता विषयहरूमा जागरूकता बढाउन यो दिवस मनाउँदै आएका छन्।

संयुक्त राष्ट्रसंघले सन् १९९९ मा २५ नोभेम्बरलाई "महिला विरुद्ध हिंसा उन्मूलन अन्तर्राष्ट्रिय दिवस" को रूपमा घोषणा गऱ्यो। यस दिवसलाई विश्वव्यापी रूपमा मनाउँदै यसलाई १० डिसेम्बर, अन्तर्राष्ट्रिय मानव अधिकार दिवससम्म विस्तार गरिएको छ। यस अभियानको मुख्य उद्देश्य महिला विरुद्धका सबै प्रकारका हिंसा उन्मूलन गरी समानता र न्यायपूर्ण समाजको निर्माण गर्नु हो।

### नेपालमा १६ दिने अभियान

नेपालमा सन् १९९१ देखि यो दिवस १६ दिने अभियानको रूपमा मनाइँदै आएको छ। नेपालमा यस दिवसलाई २५ नोभेम्बरबाट सुरु गरी १० डिसेम्बर, अन्तर्राष्ट्रिय मानव अधिकार दिवसमा "महिला अधिकार मानव अधिकार" को नाराका साथ समापन गरिन्छ। यस अभियान अन्तर्गत महिला विरुद्धका सबै प्रकारका हिंसा, शारीरिक तथा मानसिक यातनाको अन्त्य गर्न ऐक्यबद्धता जनाइन्छ।

### नेवाको भूमिका

नेवाको ध्येय मूलतः समुदायमा सुरक्षित खानेपानी, सरसफाइ र स्वच्छता प्रवर्द्धन भए तापनि लैंगिक तथा सामाजिक समावेशीकरणको नीतिलाई आत्मसात गरेको हुनाले यस्ता दिवस बनाउन नेवाको सदैव अग्रसरता रहने गर्छ। यस अन्तर्गत यसपटक नेवाले गण्डकी प्रदेशका दुई जिल्लाका आठ वटा स्थानीय तहहरूमा संचालन भइरहेका २१ वटा खानेपानी तथा सरसफाइ आयोजनाहरूमा "हामी सबैको प्रतिबद्धता, लैंगिक हिंसा अन्त्यका लागि ऐक्यबद्धता" भन्ने नाराका साथ १६ दिने लैंगिक हिंसा विरुद्धको अभियान तथा मर्यादित महिनावारी दिवस मनाएको छ।

यस अभियान अन्तर्गत म्याग्दी जिल्लाका धवलागिरी, मालिका र मंगला गाउँपालिका तथा बागलुङ जिल्लाका बडीगाड र निसिखोला गाउँपालिकाहरूमा महिनावारी स्वच्छताका लागि घरेलु प्याड बनाउने तालिमहरू संचालन गरिएका थिए। यी तालिमहरूले दुर्गम पहाडी क्षेत्रमा बसोबास गर्ने महिलाहरूलाई प्रत्यक्ष फाइदा पुगेको छ। अब उनीहरूले आफैंले घरमै प्याड बनाएर प्रयोग गर्न सक्ने भएका छन्।

यस अभियान अन्तर्गत सबै आयोजनाहरूमा महिला हिंसा, यौन हिंसा, र घरेलु हिंसा जस्ता विषयहरूमा छलफल तथा अन्तरक्रिया गरिएको थियो। यसले समाजमा यी समस्याहरूको न्यूनीकरणमा सबैको जागरूकता बढाउन मद्दत गरेको छ।

यसैगरी विगतमा झैं यसपटक पनि नेवा प्रदेश कार्यालय सिन्धुलीले सिन्धुली जिल्लाको कमलामाई र दुधौली नगरपालिका तथा मरिण, गोलन्जोर, फिक्कल, सुनकोशी र तीनपाटन गाँउपालिका एवं काभ्रेपलाञ्चोकका बनेपा र पनौती नगरपालिका तथा खानिखोला गाउँपालिकाका विभिन्न वडाहरूमा संचालित २४ वटा खानेपानी तथा सरसफाइ आयोजनामा कार्यरत कर्मचारी, स्थानीय तहका कर्मचारी खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका पदाधिकारीहरू लगायत अन्य सरोकारवालाहरूको सहभागितामा विभिन्न टोल/बस्ती तथा समुदायहरूमा वृहत छलफल, गोष्ठी, अभियान संचालन गरिएको छ। यसका साथै यस अभियान अन्र्तगत आयोजनामा पर्ने विद्यालयहरूका छात्रछात्राहरूका लागि वक्तृत्वकला प्रतियोगिता एवं छलफल गरेको छ। अभियानकै क्रममा आयोजना क्षेत्रमा विभिन्न सचेतना र सन्देशमूलक सन्देशहरू सहित ऱ्याली र अभियानको आयोजना पनि गरियो। यस क्रममा उल्लिखित दुवै जिल्लाका विभिन्न स्थानीय तहका विभिन्न खानेपानी तथा सरसफाइ आयोजनाका उक्त कार्यक्रममा महिला ५८२ र पुरुष ६०१ गरि १ हजार १ सय ८३ जना उपभोक्ता समितिका पदाधिकारीहरू, स्थानीय उपभोक्ताहरू र विद्यालयका शिक्षक एवं विद्यार्थीहरूको सहभागिता रहेको थियो।

### निष्कर्ष

१६ दिने लैंगिक हिंसा विरुद्धको अभियानले महिला अधिकार र समानताको लागि विश्वभरि आवाज उठाएको छ। नेपालमा पनि यस अभियानले महिलाहरूलाई सशक्त बनाउन र हिंसाको अन्त्य गर्न महत्वपूर्ण भूमिका खेलिरहेको छ। नेवा जस्ता संस्थाहरूले यस अभियानलाई स्थानीय स्तरमा पनि सफल बनाउन उल्लेखनीय योगदान दिँदै आएका छन्। महिला विरुद्धका सबै प्रकारका हिंसाको अन्त्य गरी समानता र न्यायपूर्ण समाज निर्माण गर्न यस्ता अभियानहरूलाई निरन्तरता दिनु आवश्यक छ।

*बालकुमारी महतो र लक्ष्मण मोची*

# विभिन्न जिल्लामा खासस्व आयोजना सञ्चालनका लागि सम्झौता सम्पन्न

नेवाले आर्थिक वर्ष २०८१/०८२ मा बागमती प्रदेशका सिन्धुली र काभ्रे जिल्लाका ११ वटा पालिका तथा गण्डकी प्रदेशका बागलुङ र म्याग्दी जिल्लाका आठ वटा पालिका गरी १९ वटा पालिकाहरूमा ४९ वटा खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजना सञ्चालन गर्ने भएको छ। यसका लागि नेवाले गैर सरकारी संस्थाहरूको नियमन गर्ने निकाय समाज कल्याण परिषदबाट २०८२ श्रावण ६ गतेसम्ममा सम्पूर्ण आयोजनाहरू सम्पन्न हुने गरी आयोजना सञ्चालनका लागि अनुमति लिइसकेको छ। सम्झौता बमोजिम हाल निर्माण कार्यहरू सञ्चालन भइरहेका यी आयोजनाहरू सम्पन्न भएपछि ३ हजार ९ सय ३० घरपरिवार, ४५ विद्यालय र छ वटा स्वास्थ्य संस्थाहरूमा ३ हजार ९ सय ७९ धाराहरू निर्माण भई २८ हजार ७ सय ७२ जनसंख्या लाभान्वित हुनेछन्। प्रदेशगत रूपमा यी आयोजनाहरू देहाय बमोजिम सञ्चालन हुनेछन् :

### प्रदेश कार्यालय बागलुङ अन्तर्गत सञ्चालन हुने आयोजनाहरू

नेवा प्रदेश कार्यालय, बागलुङले गण्डकी प्रदेशको बागलुङ र म्याग्दी जिल्लाका जिल्ला समन्वय समिति र कार्यक्षेत्र रहेका म्याग्दी जिल्लाका तीन र बागलुङ जिल्लाका पाँच वटा पालिका समेत गरी आठ वटा पालिकासँग द्विपक्षीय सम्झौता गरेर २१ वटा खानेपानी सरसफाइ तथा स्वच्छता आयोजना सञ्चालन गरिरहेको छ। यी खानेपानी आयोजनाहरूबाट १ हजार ४ सय ९७ घरघुरी, २६ वटा सामुदायिक विद्यालय तथा तीन वटा स्वास्थ्य संस्थामा कुल १ हजार ५ सय २६ वटा धारा निर्माण भई जम्मा १० हजार ४ सय जनसंख्या लाभान्वित हुनेछन्।

यी आयोजनाहरू सञ्चालनका लागि गत असारमा दुवै जिल्लाका जिल्ला समन्वय समिति र नेवा बीच द्विपक्षीय सम्झौता सम्पन्न भएको हो। आयोजना संचालन गर्न नेवाको कुल ४ करोड ८२ लाख ९५ हजार २ सय ९५ रूपैयाँ, सम्बन्धित पालिकाहरूको साझेदारी रकम २




*नेवा र बागलुङ नगरपालिका बीच सम्पन्न सम्झौतापत्र आदानप्रदान गरिदै*

करोड २४ लाख २ हजार ६ सय ९३ रूपैयाँ र समुदायको जनश्रमदान बापत २ करोड ५३ लाख ४७ हजार ३ सय २७ रूपैयाँ गरी कुल ९ करोड ६० लाख ४५ हजार ३ सय १५ रूपैयाँ विनियोजन गरिएको छ।

### प्रदेश कार्यालय सिन्धुली अन्तर्गत सञ्चालन हुने आयोजनाहरू

नेवा प्रदेश कार्यालय सिन्धुलीले काभ्रे तथा सिन्धुली जिल्लाका ११ वटा स्थानीय निकायहरूसगको आर्थिक साझेदारी तथा नेवाको प्राविधिक सहयोगमा आ.ब. २०८१/८२ मा दुई जिल्लामा गरी २८ वटा खानेपानी स्वच्छता तथा सरसफाइका परियोजना संचालन गरिरहेको छ। यी खानेपानी आयोजनाहरूबाट २ हजार ४ सय ३३ घरधुरी, १९ वटा सामुदायिक बिद्यालय तथा तीन वटा स्थानीय स्वास्थ्य संस्थामा जम्मा २ हजार ४ सय ५३ धारा निर्माण भई १८ हजार ३ सय ६९ जनसंख्या लाभान्वित हुनेछन्। आयोजना सञ्चालनका लागि गत असारमा दुवै जिल्लाका जिल्ला समन्वय समितिहरूसँग द्विपक्षीय सम्झौता भएको थियो।



*नेवा र बनेपा नगरपालिका बीच सम्पन्न सम्झौतापत्र आदान प्रदान गरिंदै*



*नेवा र तीनपाटन गाउँपालिका, सिन्धुली बीच सम्झौताको क्रममा नेवाका क्रियाकलापहरूको प्रस्तुती गर्दै नेवा, प्रदेश कार्यालय, सिन्धुलीका प्रमुख भरत भट्ट*

यी आयोजनाहरू सिन्धुली जिल्लाका आठ पालिकाहरूमा तथा काभ्रे जिल्लाका तीन वटा पालिकामा संचालन भइरहेका छन् । यी सबै आयोजनाहरूको निर्माणका लागि नेवाको ८ करोड ४१ लाख ७१ हजार ८ सय रूपैयाँ, सम्बन्धित पालिकाहरूको ३ करोड ५३ लाख १८ हजार रूपैयाँ गरी कुल ११ करोड ९४ लाख ८९ हजार रूपैंया विनियोजन भएको छ। विस्तृत विवरण तलको तालिकामा दिइएको छ :

| क्रं सं. | जिल्ला | पालिका | वडा नं. | आयोजना संख्या | घरधुरी संख्या | जनसंख्या | धारा संख्या | विद्यालय संख्या | विद्यार्थी संख्या | हे.पो. संख्या | हे.पो. लाभान्वित जनसंख्या | लाभान्वित जनसंख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सिन्धुली | दुधौली नगरपालिका | ८ | १ | ११७ | ६२० | ११७ | – | – | १ | २५ | ६४५ |
| २ | | गोलन्जोर गाउँपालिका | ४ | १ | ६६ | ४५४ | ६६ | – | – | – | – | ४५४ |
| ३ | | हरिहरपुरगढी गाउँपालिका | ६ | १ | ४४ | २६३ | ४५ | १ | – | – | – | २६३ |
| ४ | | कमलामाई नगरपालिका | २,६,११,१२ | ५ | २८६ | १७३७ | २८९ | २ | २६७३ | – | – | ४४१० |
| ५ | | फिक्कल गाउँपालिका | ४ | १ | २४९ | १५०३ | २५१ | २ | ६२ | १ | २५ | १५९० |
| ६ | | सुनकोशी गाउँपालिका | ५,७ | २ | १३५ | ८१७ | १३६ | १ | २७ | – | – | ८४४ |
| ७ | | तिनपाटन गाउँपालिका | २,८ | ५ | ५९७ | ३१६६ | ६०२ | ५ | १०७५ | १ | २५ | ४२६६ |
| ८ | | मरिण गाउँपालिका | ४ | १ | ४५ | २३९ | ४६ | १ | ६४ | – | – | ३०३ |
| ९ | काभ्रे | बनेपा नगरपालिका | २,४,१२,१४ | ५ | ३०७ | १६६३ | ३१० | ३ | ५१० | – | – | २१७३ |
| १० | | खानिखोला गाउँपालिका | २,५ | २ | १०८ | ६६१ | १०९ | १ | ३४ | – | – | ६९५ |
| ११ | | पनौती नगरपालिका | ३,१०,११ | ४ | ४७९ | २४२५ | ४८२ | ३ | ३०१ | – | – | २७२६ |
| जम्मा वागमती प्रदेश | | | | २८ | २४३३ | १३५४८ | २४५३ | १९ | ४७४६ | ३ | ७५ | १८३६९ |
| १ | म्याग्दी | धवलागिरी गाउँपालिका | ५ | १ | ७० | ४५२ | ७२ | २ | ११७ | १ | – | ५६९ |
| २ | | मालिका गाउँपालिका | १,२,३ | ६ | ७७५ | ४२३२ | ७९३ | १५ | १,०१० | ३ | ७५ | ५,३१७ |
| ३ | | मंगला गाउँपालिका | १,५ | ५ | ३०६ | १८१५ | ३११ | ५ | ५६९ | – | – | २,३८४ |
| ४ | बागलुङ | जैमिनी नगरपालिका | ४,९ | २ | ७० | ३७८ | ७१ | १ | ४१ | – | – | ४१९ |
| ५ | | बागलुङ नगरपालिका | १३ | १ | २१ | १०८ | २१ | – | – | – | – | १०८ |
| ६ | | बडिगाड गाउँपालिका | २,४ | २ | ७२ | ४६७ | ७४ | २ | ६१ | – | – | ५२८ |
| ७ | | निसीखोला गाउँपालिका | ५,६ | ३ | १३८ | ८१३ | १३८ | – | – | – | – | ८१३ |
| ८ | | तमानखोला गाउँपालिका | १ | १ | ४५ | २४६ | ४६ | १ | १९ | – | – | २६५ |
| जम्मा गण्डकी प्रदेश | | | | २१ | १४९७ | ८५११ | १५२६ | २६ | १८१७ | ४ | ७५ | १०४०३ |
| कुल जम्मा | | | | ४९ | ३९३० | २२०५९ | ३९७९ | ४५ | ६५६३ | ७ | १५० | २८७७२ |

*कुमार सिलवाल/रमेश दाहाल*

# लेखा एवं खासस्व आयोजना व्यवस्थापन तालिम सम्पन्न

नेवा प्रदेश कार्यालय सिन्धुलीले आफ्ना साझेदार संस्थाका कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले यस आ.व. २०२४/२५ मा सञ्चालन हुने आयोजनाहरूमा आबद्ध आयोजना प्रवर्द्धक तथा सहायकहरूको लागि तालिमको आयोजना गरेको छ। २०८१ कार्तिक ३० देखि पुष ७ गतेसम्म सञ्चालित यस तालिममा सिन्धुली र काभ्रेपलाञ्चोक जिल्लाका विभिन्न २८ आयोजनाका २६ जना आयोजना सहायक तथा प्रवर्द्धकहरूको सहभागिता रहेको थियो।

खानेपानी, स्वास्थ्य, र सरसफाइ सम्बन्धी सकारात्मक व्यवहार परिवर्तन, पूर्ण सरसफाइ उन्मुख समुदाय निर्माण, असुरक्षित खानेपानी तथा सरसफाइ अभावका कारण लाग्ने रोगहरूको जानकारी, नेवाको नीतिगत प्रणाली, समुदायमा सहजीकरणका विधिहरू, आयोजना व्यवस्थापन तथा लेखा प्रणालीको जानकारी, तथा परियोजनाको दिगोपन सुनिश्चित गर्न मर्मत संभारको महत्व बुझाउने उद्देश्यले यो तालिम सञ्चालन गरिएको थियो।

तालिमका सहभागीहरूलाई स्वास्थ्य सुरक्षाका लागि आवश्यक औषधि, महिला सहभागीहरूको लागि सेनिटरी प्याड वितरण, तथा दैनिक कक्षा व्यवस्थापन समितिको गठन गरि तालिमलाई थप प्रभावकारी बनाइएको थियो।

प्रदेश कार्यालयका भरत प्रसाद भट्ट, रामचन्द्र ज्ञवाली, नविन घिमिरे, रवि किरण रायमाझी र बिन्दु श्रेष्ठ सहजकर्ता रहनु भएको यस तालिममा नेवाका फिल्ड अपरेसन म्यानेजर कुमार सिलवालको उपस्थिति रहेको थियो।

*नवीन घिमिरे*

# सुखको घाम उदाएको ठाउँ, डाँडापारीको डाँडागाउँ

"हामी त बाहिरबाट आउने संस्थाहरूलाई 'जुन जोगी आए पनि कानै चिरेको' पो भन्थ्यौं। तर नेवाले छोटै समयमा घर घरमा पानी ल्याइदिएर यो उखानलाई नै गलत गराइदियो।" ७१ वर्षीय बाबुलाल घिसिङले यसो भन्दा उनका छिमेकीहरू पनि सहमतिमा टाउको हल्लाइरहेका थिए। पहिले पहिले गाउँमा विकास गर्छौं भन्दै आउनेहरूले काम पूरा नगर्ने, गरेको काम पनि राम्रो नगर्ने भएकाले यहाँका वासिन्दाहरूमा बनेको बाह्य संस्थाप्रतिको नकारात्मक धारणा अब मेटिएको छ।

यो प्रसङ्ग हो, काभ्रेपलाञ्चोक जिल्लाको डाँडापारी भनेर चिनिने डाँडागाउँको। खानीखोला गाउँपालिकाको वडा नं. ३ र ४ मा पर्ने यो ठाउँ राजधानीबाट १२५ किलोमिटर टाढा पर्दछ। दुर्गम र भौगोलिक रूपमा विकट भएकैले 'काभ्रेको कर्णाली' भनेर समेत चिनिने यो ठाउँ हरियालीयुक्त र रमणीय छ। तर शिक्षा, स्वास्थ्य, बाटोघाटो, खानेपानी जस्ता विकासका पूर्वाधारहरूको अभावले गर्दा यहाँका वासिन्दाहरूको दिनचर्या अझ पनि कष्टप्रद नै छ।

खानीखोला गाउँपालिकाको वडा नं. ३ र ४ मा फिँजिएको डाँडागाउँ अन्तर्गत आहाले, जुरे, सौर्य, भोलन डाँडा, भाङटार, बाँसघारी, सिरुटार, वाइबाटोल र चित्रे टोलहरू रहेका छन्। तामाङ, मगर, दलित र बाहुन जातिको बसोबास रहेको यस ठाउँमा तामाङ र मगर जातिको बाहुल्य रहेको छ। यहाँका धेरै युवाहरू रोजगारीका लागि विदेशलाई नै रोज्ने गर्छन्। खेतीयोग्य जमीन र उन्नत कृषि प्रणालीको अभावले गर्दा यो ठाउँमा आफ्नै कृषि उपजमा समेत आत्मनिर्भर छैन। दूधको खुवाका लागि भने यो ठाउँले नाम कमाएको छ। प्रायः सबैले पशुपालन गरेका छन् र यहाँको खुवाले बनेपा र काठमाडौंको बजार पाएको छ। बाख्रापालन पनि यहाँका किसानहरूले रुचाएको व्यवसाय हो। तर प्रत्येक वर्ष मोटरबाटो, खानेपानी जस्ता आधारभूत सुविधाहरूको निर्माणका लागि राज्य स्तरबाट बजेट विनियोजन भए पनि सुशासनको अभावका कारणले गर्दा आयोजनाहरू लथालिङ्ग हुने गरेकाले मानिसहरूमा कसैले काम गर्दैनन् भन्ने छाप परेको हो।




*विद्यालयमा खानेपानी उपलब्ध भएपछि हर्षित छात्राहरू*




*एउटै धारामा गाउँले झुम्मिनु पर्ने विगतको अवस्था अब अन्त्य भएको छ*

### नेवा र पालिकाको सहकार्यबाट संभव भयो खानेपानी

अनेकौं आयोजनाहरूको असफलताले सदैव खानेपानीको सुविधाबाट वञ्चित भएका यहाँका वासिन्दाका लागि वि.सं २०७८ को गाउँपालिकाको एउटा निर्णय महत्वपूर्ण भइदियो। यस वर्ष पालिकाले नेवा प्रदेश कार्यालय सिन्धुलीसँग यस ठाउँमा खानेपानी आयोजना निर्माण गरीदिनका लागि अनुरोध गरेपछि नेवाले पालिकाको माग र समुदायको आवश्यकताको पहिचान गर्नुका साथै आयोजनाको सम्भाव्यता अध्ययन र विस्तृत सर्वेक्षण सम्पन्न गऱ्यो। यसरी खानीखोला गाउँपालिका र नेवाको संयुक्त साझेदारी तथा समुदायका उपभोक्ताहरूको सक्रिय सहभागिताबाट करिब पाँच किलोमिटर टाढाको मुहानबाट पानी ल्याउने कामको थालनी भयो। मुहानदेखि रिजर्भभ्वायर लगायत सबै वितरण प्रणालीहरूका लागि करिव ४० किलोमिटर लामो पाइप लाइन खन्ने पुर्ने काम समयमा सम्पन्न भयो भने सबै संरचनाहरूको निर्माण पनि समयमै पूरा भयो। यस समुदायका १ सय ९१ घर, तीन वटा विद्यालय र एउटा हेल्थपोष्टका लागि १ सय ९५ धारा निर्माणको काम पनि सँगसँगै शुरु भयो। यसरी समुदायका १२ सय र करिव तीन सय विद्यार्थीहरू आयोजनाबाट लाभान्वित भए।

समुदायका सदस्यहरू पाइपलाइन खन्ने, पुर्ने लगायतका काममा सक्रियतापूर्वक जुटे। मुहानदेखि धारासम्मका सम्पूर्ण संरचनाहरूको निर्माणमा दक्षमिस्त्रीलाई आवश्यक सहयोग समेत गरे। यसरी उपभोक्ताहरूको ४६ दिनको जन श्रमदानले गर्दा आयोजना घोषित समयमा सम्पन्न भयो। दुई वटा मुहानबाट ल्याइएको पानी १० वटा डिटि आरभिटि र ६ वटा आरभिटि मार्फत् समुदायका प्रत्येक घर लगायत गाउँको विद्यालयमा समेत व्यवस्थित रूपमा पुऱ्याइएको छ।

आयोजना प्रवर्द्धन जीवन घिसिङका अनुसार नेवाबाट करिव ९१ लाख २२ हजार रूपैयाँ, गाउँपालिकाबाट करिव ५० लाख रूपैयाँ र उपभोक्ताको करिव २५ लाख रूपैयाँ बराबरको श्रमदान गरी कुल १ करोड ६५ लाख रूपैयाँको लागतमा यो आयोजना सम्पन्न भएको हो।

## सरसफाइ र स्वच्छता सम्बन्धी आनीबानीमा व्यापक सुधार

खानेपानीको सुविधा सँगसँगै समुदायमा सरसफाइ र स्वच्छताको अवस्थामा पनि सुधार आएको छ। चर्पीको उचित प्रयोग, साबुन पानीले हात धुने स्थानको व्यवस्था र त्यसको उपयोग, व्यवस्थित तरिकाले फोहोर विसर्जन गर्ने सुविधा र बानीको विकास, माझेका भाँडाकुँडा चाङमा सुकाउने चलनको व्यापकता, खानेपानी सधैं छोपेर राख्ने जस्ता सबै कामलाई उपभोक्ताहरूले आफ्नो दिनचर्या नै बनाएका छन्।

यस आयोजनाको उपभोक्ता समितिका अध्यक्ष कान्छो जिम्बाका अनुसार पहिले पहिले सामाजिक काममा गर्न आनाकानी गर्ने मानिसहरू पनि नेवाको कामबाट आएको परिवर्तन देखेर सामुदायिक काममा जुट्न थालेका छन्। सबैको सहयोगले नै आयोजना समयमै सम्पन्न भएको उहाँले बताउनु भयो।

आयोजना प्रवर्द्धक जीवन घिसिङले समुदायका मानिसहरूलाई नेवाले दिएको खानेपानी आयोजना सम्बन्धी प्राविधिक ज्ञान लगायत स्वच्छता र सरसफाइ विषयमा दिएको ज्ञान व्यावहारिक र जीवनोपयोगी भएको बताउनु भयो। "आयोजनाको दिगोपनका लागि प्रारम्भिक र नियमित मर्मत सम्भार कोष संकलन तथा मर्मत संभार कार्यकर्ताको व्यवस्थापनले गर्दा आयोजना दिगो हुने उहाँको विश्वास छ।

आयोजनाका सचिव टेक बहादुर पुलामीले आयोजना सम्पन्न भएपछि पानीका लागि घाम नझुल्कँदै गाग्री बोकेर टाढाको मुहान धाउनु पर्ने बाध्यताको अन्त्य भएको बताउनु भयो। "त्यतिखेर पानी बोक्न खर्चिने समयमा त अहिले अरु धेरै काम गर्न सकिने भएको छ, पानी बोक्नु नपरेपछि बालबालिकाले पढ्न पाएका छन्। मानिसहरूले सुक्खा याममा पनि तरकारी खेती गर्न थालेका छन्।पानीले सबैका लागि खुशी ल्याएको छ।" उहाँले भन्नुभयो।

*राजु श्रेष्ठ*



*डाँडागाउँका घर घरमा पानी आएपछि स्थानीय वासिन्दाले राहत पाएका छन्*

## कविता

### दानवीरको सहयोग

*दानवीरहरूको सहयोगले विपन्न वर्गमा सहयोग पुगेको छ*
*तर अझै स्वच्छता र शुद्ध पानीबाट वञ्चित ठाउँ लुकेको छ।*
*सबै जिल्ला पुगी तिर्खाएको वर्गको खोजी कार्य गरौं*
*रोगव्याधि हटाउन घरघरमा स्वच्छ पानीले गाग्री भरौं।*
*सरसफाइ र शुद्ध पानीको चेतना नहुँदा गए सयौंका ज्यान*
*दानवीरहरू सँग सरकार मिली पुऱ्याउनु छ ध्यान।*
*अनकन्टार खोलानाला मुल मुहानहरूमा ल्याउनु छ शुद्धता*
*भीरपाखा नभनी मेहनत गर्ने शुद्ध पानी हाम्रो प्रतिबद्धता।*

*कमल बहादुर क्षेत्री*




नेवा क्यालेण्डर २०६७ बाट उद्धृत